**भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्रीको रुपमा एक वर्ष अवधिमा सम्पन्न मूख्य मूख्य कामको विवरण**

आदरणिय प्रदेशवासी दाजुभाई तथा दिदी वहिनीहरु,

म मिति २०७६।१०।०५ गते भूमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्रीको रुपमा वहाली भई एक वर्षको समय अवधिमा यस मन्त्रालयमा रहेर गरेका मुख्य मुख्य कामको सार्वजनिकीकरण गरेको छु । लगभग ७३ प्रतिशत कृषक घरधुरी रहेको यस प्रदेशमा कृषि क्षेत्रको कुल गार्हस्थ उत्पादनको ३७ प्रतिशत योगदान कृषि क्षेत्रले गरेको यँहाहरुलाई विधितै छ । यसले नै मन्त्रालयको महत्वको घनत्वलाई दर्शाउँछ । भूमि व्यवस्था, कृषि र सहकारी जस्ता बृहत क्षेत्रहरुमा प्रदेश सरकारको निती नियम तर्जुमा, सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्नुपर्ने अवस्था, प्रदेश सरकारवाट भर्खरै गठन भएका निकायहरुमा रहेका न्यून जनशक्ति तथा सारा विश्वले मानव ईतिहासमा पहिले कहिल्यै अनुभुति नगरेको कोभिड-१९ महामारीका बीच मेरो नेतृत्वमा भएका कामको विवरण सार्वजनिक गर्दैछु।

१. नीतिगत, संरचनात्मक सुधार र शुशासान प्रवर्द्धनः

- विगतका दिनहरुमा कृषि अनुदान वितरण प्रणालीमा भएका गुनासाहरुलाई सम्बोधन गर्न प्रदेश सरकारवाट स्वीकृत **कृषि ब्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६** को प्रभावकारी कार्यान्यवनका लागि मन्त्रालय र मातहतका निकायहरुलाई प्रोत्साहान गर्नुका साथै १४ जिल्लाका जिल्ला समन्वय समिति प्रमुखहरुसँग समन्वय गरी कृषि अनुदानग्राही छनौट प्रणालीलाई संस्थागत गरिएको छ र फलस्वरुप विगतको तुलनामा अनुदान वितरण प्रणालीमा देखिएका गुनासोहरुको संख्यामा उल्लेख्य रुपमा कमी आएको छ ।
- अनुदान वितरण प्रणालीको झन्झटिलो प्रकृयालाई सरलीकृत गरी सवै निवेदकहरुकँहा प्राविधिक मार्फत स्थलगत अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा उपयुक्त अनुदानग्राही छनौट गर्ने । छनोट भएका अनुदानग्राहीको नाम सावर्जनिक गरी सात दिन सम्म अजुरी दिन सक्ने तथा अन्य निकायवाट अनुदान प्राप्त गरेको भए दोहोरोपना हटाई अन्य निवेदकलाई अनुदान कार्यक्रममा सहभागी गराउने ब्यवस्था गरी शुशासन प्रवर्द्धन गर्ने कामको थालनि गरिएको
- मन्त्रालय र मातहतका निकायहरुवाट कृषि विकासका कार्यक्रमहरुको सुचना प्रवाह गर्दा प्रदेश सभाका माननीय सदस्यज्यूहरु र स्थानिय तहका प्रमुखहरुलाई SMS मार्फत सुचना प्रवाह गर्ने ब्यवस्था गरिएको
- कृषि अनुदान प्रणालीलाई कानुनतः दिगो रुपमा ब्यवस्थापन गर्नका लागि प्रदेश मन्त्रिपरिषदवाट कृषि ब्यवसाय प्रवर्द्धन अनुदान ऐन मस्यौदा तयारीका लागि सैद्धान्तिक सहमति लिई प्रस्तावित ऐनको मस्यौदा तयार गरिएको र प्रदेश सभाको आगामी अधिवेशनमा प्रस्तुत गर्न तयारी भै रहेको छ ।
- प्रदेश सरकारको अधिकार क्षेत्रमा रहेका सहकारीको दर्ता,नवीकरण तथा नियमनका लागि प्रदेश सहकारी ऐनमा ब्यवस्था भए वमोजिम ईटहरीमा सहकारी रजिस्ट्रार कार्यालयको स्थापना गरि जनशक्ति ब्यवस्थापन सहित प्रदेशस्तरमा सहकारीको दर्ता,नवीकरण,मर्जर तथा नियमन सम्बन्धी अवरुद्ध रहेका कामहरुलाई सुचारु गरिएको छ ।
- कोभिड-१९ वन्दावन्दीका कारण कृषि ब्यवसायमा भएको क्षतिलाई राहत उपलब्ध गराउन कृषि ब्यवसाय राहत कार्यक्रम कार्यविधि स्वीकृत गराई १६८० घरधुरीलाई सात करोड ९१ लाख ७४ हजार रकम राहत स्वरुप उपलब्ध गराईएको ।राहत कार्यक्रम मार्फत मुख्यतः दुध र दुग्धजन्य पदार्थ उत्पादन, दुध बिक्री, कुखुरा, बंगुरपालन, हरियो चिया पत्ती, तरकारी तथा फलफूल, च्याउ खेति, कृषि ऋणमा ब्याज छुट, विद्युत महशुल छुट र कृषि वस्तु ढुवानीमा सहयोग उपलब्ध गराईएको थियो ।

- कोभिड-१९ वन्दावन्दीको समयमा मन्त्रालय र मातहतको संयन्त्रको परिचालन गरी कृषि वस्तुको सहज ढुवानी र कृषकहरुको आवागमन तथा उपलब्ध रासायनिक मलको न्यायोचित वितरणमा सहजिरकण गरिएको ।
- मन्त्रालय र मातहत निकायवाट कृषि अनुदान प्राप्त गर्ने किसानहरुको नाम,सम्पर्क नम्बर र अनुदान रकम सार्वजनिक गर्ने कार्यको थालनी गरिएको ।
- मन्त्रालय र मातहतका कुनैपनि निकायवाट यस अवधिमा कुनैपनि गैर बजेटरी खर्च हुन नदिई वित्तिय शुशासन कायम गर्ने कार्य संस्थागत गर्ने प्रयास गरिएको ।
- कोभिड-१९ शुरुवात पश्चात हालसम्म मन्त्रालय र मातहत निकायहरावाट संचालन गरिने कार्यक्रमहरु भर्चुअल माध्यमवाट संचालन गरि सम्बद्ध पक्षहरुलाई कोभिड-१९ वाट शुरुक्षित राख्ने प्रयास गरेको तथा गोष्ठी कार्यशाला आदिमा हुने खर्चमा मितब्ययीता अपनाईएको ।

## २. कार्यक्रमगत प्रगतिः

- मन्त्रालयको जिम्मेजारी शुरुगरेको दुई महिना मा नै कोभिड-१९ को वन्दावन्दी शुरु भएकोले आ.ब. २०७६/७७ को बजेटका अधिकांश कार्यक्रमहरु कार्यान्वयन हुन नसकेकोले मन्त्रालयको कुल बजेटको ५५ प्रतिशत वित्तिय प्रगति भएको (कुल बजेट २ अरव ८३ करोड ४७ लाख ४० हजार मध्ये १ अरव ५६ करोड २२ लाख ५० हजार खर्च भएको)।
- मन्त्रालय र मातहत आ.ब. २०७६/७७ मा सार्वजनिक सुचना गरी अनदानग्राही सँग सझौता गरिएका तर कोभिड १९ का कारण सम्पन्न गर्न नसकिएका करीब ७५ करोड ५२ लाख रकमका कार्यक्रमहरु चालु आ.ब. बजेट ब्यवस्था गरी सम्पन्न गर्ने ब्यवस्था मिलाईएको र ती सवै कार्यक्रम हाल कार्यान्वयनमा रहेका छन ।
- **आ.ब.२०७६/७७ मा सम्पन्न मुख्य मुख्य कार्यक्रमहरु**

**खाद्यान्न वाली विकासमा**

- मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम अन्तर्गत मध्यपहाडमा १९ वटा कलष्टरमा प्रति कलष्टर ५० हेक्टरको दरले ९५० हेक्टर क्षेत्रफलमा कार्यक्रम सञ्चालन भई उन्नत जातको वीउ, यन्त्र उपकरणको प्रयोग मार्फत प्रति हेक्टर २ मे. टनका दरले उत्पादकत्व वृद्धि हुने अपेक्षा,
- ४० हेक्टर क्षेत्रफलमा खाद्यान्न वीउ उत्पादन शुरुवात गरी आगामी बर्ष १०० मे. टन उन्नत बिउ उत्पादन हुने तथा प्रदेशका ३ स्थानमा करीव ४५ मे.टन क्षमताको वीउ भण्डारण पुर्वाधार तयार भएको,
- झापाको गौरादहमा करीव ४०० मे.टन क्षमताको खाद्यान्न वीउ भण्डारण निर्माण सम्पन्न गरिएको
- चैते धान बिशेष सहयोग कार्यक्रम अन्तर्गत २५९ हेक्टर क्षेत्रका लागि २५ लाख ९० हजार रकम प्रोत्साहन अनुदान वितरण भएको।यसवाट आगामी सालको लागि कृषकहरू चैतेधान खेती तर्फ थप आकर्षित हुने विश्वास गरिएको,
- सघन वाली विकास आयोजनावाट २० वटा समूहहरुमा २५० हेक्टर क्षेत्रफलमा सिंचाई कुलो मर्मत तथा यन्त्र उपकरण प्रयोगले उत्पादन लागत र श्रम न्यूनीकरण हुनका साथै वाली सघनतामा बृद्धि भएको,

- हाईब्रिड मकै खेती विस्तार आयोजनावाट ९६७ हेक्टर क्षेत्रका लागि १ करोड ४५ लाख रकम प्रोत्साहन अनुदान वितरण भएको। यसवाट ५००० मे.टन थप मकै उत्पादन भएको

**तरकारी, फलफूल र मसलावाली विकासमा**

- कागती मिशन कार्यक्रम अन्तर्गत १५ हे. क्षेत्रफलमा २९ वटा नँया कागती वगैचा विस्तार भएको र यसवाट आगामी ४ वर्ष पछि १५० मे.टन उत्पादन थप हुने,
- करीव ७ हेक्टर क्षेत्रफलमा २२ वटा किविका वगैचा स्थापना भई किवीको क्षेत्र विस्तार भएको र विस्तारित क्षेत्रफलमा ३ बर्ष पछि बार्षिक रुपमा १०० मे.टन. थप किवी उत्पादन हुने अपेक्षा गरिएको,
- विभिन्न फलफूलका ५४ वटा व्यावसायिक फलफूल बगैंचा स्थापना भएको र ५० हेक्टर क्षेत्रफलमा फलफूल खेती विस्तार भएको । यसवाट ३ बर्ष पछि बार्षिक रुपमा ६०० मे.टन. विभिन्न फलफूल (किवि, सुन्तला, केरा, ड्रागन फ्रुट, कागती) थप उत्पादन हुने अपेक्षा गरिएको,
- सुन्तलाजात बगैचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम अन्तर्गत ७४ वटा सुन्तलाजात बगैंचाहरुमा उत्पादन ह्रास सम्बन्धी क्रियाकलापहरु संचालन भएको र यसवाट आगामी वर्ष थप १००० टन सुन्तला उत्पादनमा वृद्धि हुने,
- विभिन्न स्थानमा रहेका सार्वजनिक तथा प्रयोगविहीन जग्गाहरुमा फलफूल बगैचा स्थापना भएको यसवाट १४ हेक्टर क्षेत्रफलमा फलफूलको नँया बगैचा विस्तार भई आगामी ४ बर्ष पछि बार्षिक रुपमा १४० मे.टन. थप फलफूल उत्पादन हुने लक्ष्य लिएको,

- विभिन्न जिल्लाका २८ स्थानमा राजमार्ग आसपासका ३०० कृषकहरुले २० हेक्टरमा आधुनिक तरिकाले मौसमि तथा बेमौसमि तरकारी खेती शुरु गरेको र प्रति वर्ष ३०० मे.टन उत्पादन वृद्धि हुने,
- विभिन्न जिल्लाका २० स्थानमा २२ हेक्टरमा कफि रोपण गरी कफी खेती क्षेत्र विस्तार भएको,
- अलैचीका ४ वटा नँया निजी नर्सरी स्थापना भई वार्षिक रुपमा थप २००००० गुणस्तरिय विरूवा उत्पादन हुने पुर्वाधार तयार भएको,
- २६ स्थानका १५ हेक्टर क्षेत्रफलमा रोग ग्रसित अलैंची वगैंचा प्रतिस्थापन गरी अलैची वगैंचा सुदृढीकरण गरिएको,
- अलैंचीको क्षेत्र विस्तार कार्यक्रमवाट १७ स्थानमा ५२ हेक्टर क्षेत्रफलमा अलैंचीको नयाँ क्षेत्र विस्तार भएको,
- ५२ वटा आधुनिक सुधारिएको अलैंची भट्टी निर्माण भई किसानहरुको अलैचीको प्रशोधनमा सहज हुनुका साथै गुणस्तरीय अलैची बजारमा आउन सहयोग पुग्ने
- अदुवा मिशन कार्यक्रम मार्फत ९ स्थानमा ४२ हेक्टर क्षेत्रफलमा अदुवाको क्षेत्र विस्तार गरिएको र यसवाट ४०० मे.टन अदुवा उत्पादनमा वृद्धि हुने एक करोड ४१ लाख सहयोगमा ११ वटा साना चिया उत्पादन उद्योगहरुलाई चिया प्रसोधन तथा चिया क्षेत्र विस्तारमा सहयोग पुर्वाधार निर्माण उपलब्ध गराईएको,
- संरक्षित कृषि प्रवर्द्धन कार्यक्रमवाट मन्त्रालयको एक करोड ३४ लाख लागत सहयोगमा मार्फत २१ जना कृषकहरुले आधुनिक संरचना निर्माण गरी तरकारी खेती शुरुवात गरेको,

- बिभिन्न जिल्लामा ५० वटा बिभिन्न बालीका नमुना कृषि फार्महरु स्थापना भएका, यी फार्महरु नजिकका कृषकहरुको लागी सिकाई केन्द्रहरुको रुपमा बिकास हुने । यी फार्महरुबाट बार्षिक रुपमा तरकारी ४०० टन, बिभिन्न जातका ४०० टन फलफुलहरु, ५ टन मह, २०० टन च्याऊ, २ टन चियापत्ती उत्पादनमा हुने,

- ८ वटा वीउ आलु भण्डारण गर्ने रस्टिक स्टोर निर्माण गरी यस वर्ष देखि थप ८० टन आलु बिउ भण्डारण हुने पुर्वाधार विकास गरिएको,

**पशुपंक्षी विकास तर्फ**

- स्थानियतहको समन्वयमा प्राविधिक परिचालन गरी भ्यागुते, चरचरे, खोरेत, स्वाइन फिवर, रानीखेत जस्ता माहामारी जन्य रोगहरु विरुद्ध २४ लाख २१ हजार वटा पशुपन्छीमा खोप कार्यक्रम संचालन गरिएको,
- गाइमा ३८३०४, भैसीमा ४६०५ र वाखामा ३०० वटा गरी ४३ हजार २०९ वटा पशुहरुमा कृत्रिम गर्भाधान गरी पशुहरुको नश्ल सुधारवाट १५ हजार उन्नत नश्लका वाच्छी/पाडी उत्पादन हुने,
- विभिन्न विज्ञकेन्द्रहरु मार्फत रोगी पशुपन्छीहरुमा मेडिकल सर्जिकल गाइनोकोलोजिकल उपचारहरु गरी ८२,४६४ वटा पशुपन्छीहरुको उपचार गरिएको,
- प्रदेशभर २२ वटा  साना मासु पसलहरुमा स्तर उन्नती गरी सफा मासु सफा र स्वच्छ मासु विक्री वितरण हुने अपेक्षा गरेको,
- प्रदेशभर २१ वटा डेरी पसलहरुमा स्तर उन्नती गरी सफा दुध विक्री वितरण हुने अपेक्षा गरेको,
- निजि तथा दुग्ध उत्पादन सहकारीहरुलाइ एक हजार दुई हजार र पाँच सय लिटरका भ्याट र जेनेरेटर खरीदमा सहयोग गरी १३ वटा जेनेरेटरसहितका चिलिङ्ग भ्याटयुक्त दुध संकलन केन्द्र स्थापना मार्फत  ग्रामीणस्तरमा संकलित दुध बजारहरुमा पुर्याउने ब्यवस्था गरिएको,
- कम्तिमा ५ वटा गाई पाल्ने ३९ वटा गाई फार्महरुलाइ गाइपालन/ गोठ सुधार कार्यमा अनुदान उपलब्ध गराई दुध उत्पादनमा बार्षिक ५० मे.टन दुध बृद्धि हुने अपेक्षा गरिएको,
- जिल्लास्तरमा २५ जना व्यवसायीक वाखा पालक र २४ जना बंगुर पालक कृषकहरुलाइ कृषकहरुलाइ गोठ/खोर सुधार गर्न रु. २ लाखका दरले जम्मा ९८ लाख अनुदान उपलव्ध गराइएको,
- बाख्रा श्रोतकेन्द्र स्थापना कार्यक्रमवाट ६ वटा बाख्रा पालक सहकारी संघ/संस्था हरुलाइ रु. ३० लाखको दरले १ करोड ८० लाख अनुदान उपलव्ध गराइ बाख्रा/विउ वोका खरिद, गोठ/खोर निर्माण सुधार गरी ५ वर्ष भित्रमा प्रति सहकारी २ सय माउ वाख्रा हुने र सो वाट उन्नत नश्लका पाठापाठी उत्पादन गरी श्रोत केन्द्रको रुपमा विकास गरी मासुमा आत्मनिर्भर हुन सहयोग पुग्ने,
- २ स्थानमा लोपउन्मुख याक/चौरी संरक्षण र २ स्थानमा भेडा पालन व्यवसायलाइ संरक्षण गर्न खोर गोठ निर्माण सुधार र चरन क्षेत्र सुधार गर्न प्रति कार्यक्रम १० लाखको दरले  ४० लाख रकम अनुदान उपलव्ध गराइ याक/चौरी र भेडाको उत्पादन वढने तथा संरक्षण हुने,
- झापा र मोरगंमा गरी २ वटा मत्स्य ह्याचरी निर्माण गरी १ नं. प्रदेशका मत्स्य पालकहरुलाइ माछाका भुरा सहुलियत दरमा उपलव्ध गराइ माछा उत्पालनमा आत्मनिर्भर हुन सहयोग पुग्ने,
- करीव १८.४५ हेक्टर नयाँ पोखरी र २.८ हेक्टर पुरानो पोखरी सुधारका लागि अनुदान उपलब्ध गराई वार्षिक रुपमा थप ७५ मे.ट. माछा उत्पादन गर्ने पोखरी निर्माण गरिएको,
- मन्त्रालयको ६३ लाख ५५ हजार अनुदान सहयोगमा मासु ढुवानीको लागी दुईवटा ५.५ टन क्षमताका रेफ्रिजरेटेड सवारी साधन खरीदमा सहयोग गरी  प्रदेशमा उत्पादित मासुको गुणस्तर कायम राखी ढुवानीको ब्यवस्था मिलाउन सहयोग पुग्ने अपेक्षा गरिएको,
- हुलाकी मार्ग लक्षित दुग्ध उत्पादन कार्यक्रमवाट गत वर्षवाट शुरुवाट भएका हुलाकी मार्ग क्षेत्रका ४ वटा सहकारीहरुलाई दुध उत्पादनका लागि एक करोड पाँच लाख सहयोग उपलब्ध गराईएको,

- प्रदेशका ५ स्थानमा ग्रामीण कुखुराको ह्यायाचरी स्थापना गरी प्रति हप्ता ४५ हजार लोकल अन्डा उत्पादनको पुर्वाधार तयार भएको । त्यसैगरी ४ वटा स्थानमा समितिहरु मार्फत ग्रामिण कुखुरा प्रवर्द्वन कार्यक्रम संचालन गरी वार्षिक १२ लाख लोकल अण्डा उत्पादन शुरुवात भएको,
- प्रदेशका दुईवटा सहकारी र एउटा नीजि डेरीलाई गरी जम्मा दैनिक १६.५ हजार लिटर दुध ढुवानी गर्ने टयाङ्कर वितरण गरिएको । एउटा निजी डेरीलाई २ टन क्षमताको कोल्ड भ्यान खरीदमा सहयोग गरिएको यसवाट प्रसोधित दुग्धजन्य वस्तुको ढुवानीमा सहयोग पुग्ने,

**सहकारी तथा भूमि ब्यवस्था**

- प्रदेशमा रहेका सुकुम्वासीहरुलाई जग्गा वितरणका लागि भूमि सम्बन्धी समस्या समाधान आयोगमा प्रदेश सरकारको सदस्य नियुक्त गरी स्थानीय तहहरुसँग सहकार्यमा जग्गा वितरण सम्बन्धि प्रारम्भीक कार्य शुरु गरेको
- प्रदेशमा दुध उत्पादन तथा प्रसोधन तथा तरकारी बजारिकरणका लागि विशिष्ठीकृत सहकारी संघहरु मार्फत कार्य अघि वढाउन नीतीगत आधार तयार गरिएको ।

**अन्य**

- प्रदेशभर ४१ वटा कृषक समूहका ६०० कृषकहरुले सुरक्षित बिषादी प्रयोग, जैबिक बिषादी प्रयोग तथा झोलमल बनाउने विधि र प्रयोग तथा सूक्ष्म खाद्यतत्व प्रयोग प्रदर्शनी सम्बन्धमा जानकार भई बानस्पतिक विषादी तथा झोल मल प्रयोग गरी प्राङ्गारीक कृषिको शुरुवात भएको,
- विभिन्न कृषि ज्ञानकेन्द्रहरु मार्फत ३००० कृषकहरुलाई मोहनी पासो वितरण गरी रासायनिक बिषादीको प्रयोगमा न्यूनिकरण गरी गुणस्तरीय तरकारी उत्पादनमा सहयोग साथै सुपर ग्रेन ब्यागहरु वितरण गरेर भण्डारणमा सहयोग पुगेको,
- तरकारी उत्पादन प्रदर्शन, हाईब्रिड मकै उत्पादन प्रदर्शन र हाईब्रिड धान उत्पादन प्रदर्शन गरी २१ वटा प्रदर्शन संचालन भई सम्पन्न भएको छ ।
- १७ स्थानमा महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित ताजा तरकारी उत्पादन कार्यक्रम मार्फत उल्लेखित समुदायको आय आर्जनमा बृद्धि भएको,
- प्रदेशभर ५६ जना युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत सहयोग गरि बार्षिक २५ मे.टन च्याउ, १३५० के.जी. मह र ४०० मे.टन. तरकारी उत्पादन हुने गरी ग्रामीणस्तरमा रोजगारी सिर्जना गरिएको,
- भोजपुर, उदयपुर, सुनसरीमा गरी १९५ मे.टन तरकारी चिस्यान पुर्वाधार र मोरङ्गमा ३५ मे.टन क्षमताको माछा चिस्यान केन्द्रको निर्माण भएको छ । ६ वटा कृषि उपज संकलन केन्द्र निर्माण भएका छन ।तेहुथुम जिल्लाको म्याग्लुङ्गमा करीव १००० मे.टन क्षमताको शित गृह निर्माण अन्तिम चरणमा पुगेको ।

- कृषि यान्त्रिकिकरण कार्यक्रमवाट ४ वटा ज्ञान केन्द्र मार्फत ५ वटा जिल्लाका ५४४ कृषकको माग अनुसार विभिन्न कृषि औजार उपकरणहरु वितरण भएको र कृषि यान्त्रीकरण मार्फत वाली उत्पादन लागत कम हुनुका साथै कृषकको कार्यवोझ कम हुने अपेक्षा गरिएको,
- मन्त्रालयको एक करोड ८५ लाखको सहयोगमा १२ स्थानमा कृषि पर्यटन प्रर्वद्धन तथा पुर्वाधार विकासमा मा सहयोग पुगेको,
- झापामा टिस्यूकल्चर प्रयोगशाला स्थापनाका लागि सहयोग गरी टिस्यूकल्चर प्रयोगशाला स्थापना गरिएको ,
- उदयपुर र झापामा तेजपत्ता उत्पादन तथा प्रशोधन पुर्वाधार निर्माणमा सहयोग उपलब्ध गराईएको,

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तर्फ १८८ वटा पकेट र ८६ वटा ब्लक विकास कार्यक्रम मार्फत सिंचित क्षेत्र विस्तार, करीव ८३०० हेक्टर क्षेत्रफलमा खाद्यान्न बाली, फलफूल, तरकारी गरी जम्मा क्षेत्र विस्तार भएको र च्याउ तर्फ ४५००० के.जी. विउ खपत हुने क्षेत्र विस्तार भएको र मौरी तर्फ १६०० घार थप भएको छ।
- सुर्योदय नगरपालिका फिक्कल ईलाममा सुर्योदय नगरपालिकासँग समझदारि पत्रमा हस्ताक्षर गरी चिया परीक्षण तथा प्रवर्द्धन केन्द्र निर्माण कार्य अघि वढाईएको र आ.ब. २०७६/७७ मा १ करोड १७ लाख ६९ हजार रकम खर्च भएको र चालु आ.ब. मा १२ करोड रकम सुर्योदय नगरपालिकालाई शर्शत अनुदान स्वरुप उपलब्ध गराईएको ।
- विभिन्न स्थानीय तहहरुलाई पशु हाटबजार निर्माण, पशु संकलन केन्द्र निमार्ण, खरी वोका संकलन केन्द्र निर्माण आदि कार्यका लागि विभिन्न १५ वटा स्थानीय तहहरुलाई यसरी कुल १४ करोड ५८ लाख वित्तिय हस्तान्तरण मार्फत स्थानीय तहहरुमा पठाईएकोमा ९ करोड २७ लाख ६९ हजार खर्च भएको ।
- चालु आ.ब.मा दमक नगरपालिकामा प्राङ्गारीक कृषि बजार निर्माणका लागि रु ३ करोड र बेलका नगरपालकालाई कोल्ड रुम निर्माणका लागि रु २ करोड रकम शर्शत अनुदान स्वरुप उपलब्ध गराईएको छ ।

**माननीय राम वहादुर मगर**
**राज्यमन्त्री,**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**प्रदेश न. १**